परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION

साप्ताहिक



पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर



❑ वर्ष ९ ❑ अंक ४० २०७८ बैशाख २६ गते आईतवार Sunday 9, MAY 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-


## सस्तो औषधीमा महंगो नक्कली स्टीकर टाँसगरी विक्री-वितरण गर्ने पसल संचालक पक्राउ

बिराटनगर । सस्तो औषधीमा महंगो औषधीको स्टिकर टाँसगरी औषधी विक्री वितरण गर्ने औषधी पसल संचालक सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा विराटनगर महानगर पालिका वडा नं. ४ स्थित रहेको साथी मेडिकल औषधी पसलका संचालक विराटनगर महानगरपालिका वडा नं. १० अशोक चोक का २६ बर्षीय सोनु आलम र सोही कार्यमा संलग्न विराटनगर महानगरपालिका वडा नं. १६ रानी का २३ बर्षीय श्रवण कुमार यादव रहेका छन् ।

विशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले आलमले संचालन गरेको साथी मेडिकल औषधी पसलमा शुक्रबार खानतलासी गर्दा स्टासेफ नामक औषधी ४ बट्टा (सिसी) र रेमडेसिभिर नामक औषधि १ बट्टा (सिसी) बरामद गरेको छ ।



सोनु आलम औषधी पसल संचालक



सोही कार्यमा संलग्न श्रवण कुमार यादव

आलमले स्टासेफ औषधी रू ९० मा खरीद गरि रेमडेसिभिर औषधीको नक्कली स्टिकर टाँस गरी ८ हजार सम्ममा बिक्री बितरण गर्ने गरेको प्रारम्भिक अनुसन्धानम बाट खुलेको छ । औषधीमा टाँस्ने स्टिकर भारतको पटनाबाट आयात गरी ल्याएको खुल्न आएको छ । रेमडेसिभिर औषधी कोरोना संक्रमितको उपचारमा प्रयोग हुने गरेको जनाएको छ ।

सो क्रियाकलापमा संलग्न अर्का यादव भने यस अघि २०७७ साल कार्तिक २५ गते विराटनगर महानगर पालिका वडा नं. ११ बसपार्क नजिक रातो भाले होटलमा १० ग्राम ब्राउन सुगर बरामद भएको कसूरमा अनुसन्धानको क्रममा फरार रहेका थिए । यादवलाई शुक्रबार विराटनगर महानगर पालिका वडा नं. १६ रानी आफ्नै घरबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

पक्राउ परेका आलमलाई कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ कसूर अन्तर्गत कारवाही प्रकृया अगाडी बढाईएको छ भने यादवलाई लागूऔषध र कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ कसूर अन्तर्गत कारवाही प्रकृया अगाडी बढाईएको सो कार्यालयले जनाएको छ ।

## प्रदेश 1 सरकार द्धारा 3 करोड निकाशा

विराटनगर । कोरोना संक्रमण तिव्र रुपमा बढी रहको बेला प्रदेश नं. १ सरकारले कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण गर्नका लागि ३ करोड ८५ लाख निकाशा गरिएको छ ।

कोरोना जनसुरक्षा कोष, कोष सञ्चालक समितिको विहीबार बसेको बैठकले प्रदेशका स्वास्थ्य संस्थाहरूमा कोरोना भाईरस, कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापनका लागि आवश्यक पर्ने रकम निकासा गर्ने निर्णय गरेको थियो ।

उक्त रकम कोशी अस्पताल, कोभिड-१९ उपचार केन्द्र लगायतका अस्पतालहरूको लागि आवश्यक पर्ने सेनिटाइजर, मास्क, पि.पि.ई. सेट एन्टिजेन किट, आकस्मिक औषधि लगायतका कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारसँग सम्बन्धित सामाग्रीहरूको व्यवस्थापनका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगरलाई ५० लाख विनियोजन गरिएको छ ।

त्यसैगरी कोभिड-१९ उपचार केन्द्र संचालन तथा व्यवस्थापनका लागि मेची अस्पताललाई २५ लाख, जिल्ला अस्पताल, सुनसरीलाई २० लाख, जिल्ला अस्पताल, धनकुटा र उदयपुर कोभिड-१९ अस्पताल (आइसोलेसन सेन्टर), बेलटारलाई. २०/२० लाख निकाशा गर्ने निर्णय समेत गरेको छ ।

आइसोलेसन स्थापना, संचालन तथा उपचार सेवाका लागि जिल्ला अस्पताल, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, संखुवासभा, उदयपुर, सोलुखुम्बु, खोटाङ्ग, ओखलढुंगा, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर र जिल्ला अस्पताल, ताप्लेजुङलाई १ करोड १५ लाख निकाशा दिने निर्णय कोरोना जनसुरक्षा कोषको बैठकले गरेको थियो ।

होल्डिङ सेन्टर सञ्चालन व्यवस्थापन लगायतका कार्यका लागि जिल्ला प्रशासन कार्यालय, झापालाई २० लाख, सुनसरी र इलामलाई १५/१५ लाख , जिल्ला प्रशासन कार्यालय, मोरङलाई २० लाख, ओखलढुंगाको हर्कपुरमा होल्डिङ्ग सेन्टर संचालन तथा व्यवस्थापनका

वांकी अन्तिम पेजमा...

## प्रदेश नं.१ मा ५७८ जनामा कोरोना संक्रमण पुष्टी

विराटनगर । प्रदेश १ मा १ हजार १ सय ७३ जनाको पीसीआर परीक्षण गर्दा ५ सय ७८ जनामा शनिबार कोरोना पुष्टी भएको छ ।

पीसीआर परीक्षण गरिएका मध्ये २ सय ६३ महिला र ३ सय १५ पुरुषको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

जिल्लागत रुपमा मोरङमा २११, झापामा १६८, सुनसरीमा ११९, सोलुखुम्वुमा २४, इलाममा २२, धनकुटामा ९, उदयपुरमा ३, संखुवासभा र ताप्लेजुङमा १/१ र प्रदेश १ बाहिरका २० जनामा संक्रमण देखिएको छ ।

प्रदेश नं. १ को राजधानी विराटनगरमा ८७ महिला र ९८ पुरुष सहित १८५ जनामा संक्रमण देखिएको छ । त्यसैगरी, बेलबारी नगरपालिकामा ८, सुन्दरहरैचा नगरपालिकामा ७, बुढीगंगा गाउँपालिकामा ५, केराबारी गाउँपालिकामा २, सुनवर्षी नगरपालिका, जहदा गाउँपालिका,

वांकी अन्तिम पेजमा...

## अदालत डिजिटल प्रणालीमा

विराटनगर । मोरंग जिल्ला अदालत मोरङमा रहेका धेरै वर्ष पुराना मिसिलहरुलाई डिजिट-लाइजेसन प्रविधिमा राख्न थालेको छ ।

अदालतवाट फैसला भएका पुराना मुद्दाका मिसिलहरुलाई अझ व्यवस्थित र सुरक्षित राख्ने उपायलाई अवलम्बन गर्दै डिजिटल प्रविधीको प्रयोग गरी अव्यवस्थित र असुरक्षित तथा जथाभावी राखिँदै आएको फाईलहरु अब अनलाईन प्रविधीमा सुरक्षित गर्न थालेको छ ।

मोरंग जिल्ला अदालतमा एक लाख १० हजारभन्दा बढी पुराना मिसिलहरु रहेका छन् । अव्यवस्थित तरिकाले राख्दा खोजेका बेला कुनै पनि मिसिल भेटिँदैनन् । धेरै पुराना मिसिललाई स्क्यानर मोसिनमार्फत स्क्यान गर्दै सर्वोच्च अदालतले विकास गरेको सफ्टवेयरमा सुरक्षितसाथ राख्न थालेर अभिलेखलाई व्यवस्थित एवं सुरक्षित बनाउने काम थालिएको अदालतका स्रेस्तेदार राजकुमार दाहालको भनाई छ ।

अदालतमा रहेका धेरै पुराना मिसिलहरु निकाल्ने र राख्ने गर्दा च्यातिने, खोजेका बेला फेला पार्न नसकिने, खोजीमा जनशक्ति धेरै खर्चनुपर्ने तथा एकै ठाउँमा राखिरहँदा किराले खाइदिने समस्या रहेको थियो ।

वांकी अन्तिम पेजमा...


तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५0% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## प्रदेश नं. १ मा...

ग्रामथान गाउँपालिका र कटहरी गाउँपाकिामा १/१ जना संक्रमण पुष्टी भएको छ ।

त्यसैगरी झापाको विर्तामोडमा ३१, भद्रपुरमा ३०, दमकमा २५, कनकाईमा १८, मेचीनगरमा १७, अर्जुनधारामा १६, गौरादहमा ८, बुद्धशान्तिमा ७, शिवसताक्षीमा ५, गौरीगञ्ज र हल्दिबारीमा २/२, कचनकवल, झापा गाउँपालिका, बाह्रदशी र कमल गाउँपालिकामा १/१ र स्थानीय तह नखुलेका ३ जना संक्रमित भेटिएका छन् ।

सुनसरी जिल्लाको धरानमा ४७, इटहरीमा ४२, इनरुवामा ९, बर्जुमा ८, रामधुनीमा ३, दुहवीमा र कोशी गाउँपालिकामा २/२, देवानगञ्ज, बराहक्षेत्र र स्थानीय तह नखुलेका १/१ जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक मन्त्रालयले जनाएको छ ।

त्यसैगरी सोलुखुम्बुको सोलु दुधकुण्डमा २३ र नेचा सल्यानमा १, इलामको माईमा १५, इलाम नगरपालिकामा ४, रोङमा २ र देउमाईमा १, धनकुटाको धनकुटा नगरपालिकामा ७, छथर र स्थानीय तह नखुलेका १/१, उदयपुरको बेलका, त्रियुगा र रौतामाईमा १/१, संखुवासभाको धर्मदेवी र ताप्लेजुङमा १/१ र प्रदेश १ बाहिरका २० जनामा संक्रमण देखिएको छ ।

प्रदेश १ मा कोरोना संक्रमितको संख्या बृद्धि भएसंगै ३७ हजार २ सय २३ पुगेको छ । संक्रमितमध्ये ३० हजार २ सय २६ संक्रमणमुक्त भएका छन् भने सक्रिय संक्रमितको संख्या ६ हजार ४ सय ५० पुगेको छ । हाल सम्म प्रदेश नं. १ मा महिला र पुरुष गरी ५ सय ४७ जनाको मृत्यु भई सकेको छ ।

## प्रदेश नं.१...

लागि १५ लाख र जिल्ला प्रशासन कार्यालय, भोजपुर, तेह्रथुम, संखुवासभा, धनकुटा, खोटाङ, ओखलढुंगा, सोलुखुम्बु, उदयपुर, पाँचथर र ताप्लेजुङलाई होल्डिङ सेन्टर सञ्चालन व्यवस्थापन लगायतका कार्यका लागि ५/५ लाखका दरले ५० लाख निकाशा दिने निर्णय भएको मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयले जनाएको थियो ।

## अदालत...

मिसिललाई स्क्यानिङ गरेर सफ्टवेयरमा स्टोर गरिएपछि भने खोजेका समयमा तत्काल फेला पार्न सकिने, च्यातिने, नासिने र जनशक्ति खर्चनु पर्ने तथा पुराना मिसिलहरु नष्ट भएर जाने समस्याको अन्त्य हुने छ । जिल्ला अदालत मोरङमा अहिले ११ जना राजपत्र अनङ्कित कर्मचारीको दरबन्दी खाली छ ।

खाली रहेकामध्ये कम्तीमा पाँच जना कर्मचारीको नियुक्तिका लागि सहमति प्राप्त भएमा दुई वर्षभित्रमा सबै मिसिललाई व्यवस्थित तरिकाले सुरक्षितसाथ अभिलेख गर्न सकिने छ । मोरङ अदालतले नयाँ नियुक्ति दिने कर्मचारीका लागि तलब र भत्तासमेत छुट्याइसकेको छ ।

## ओलीको...

रुपमा रहेको कारण सत्ता समीकरणमा मधेश केन्द्रित दलहरुले राम्रै स्थान पाउने गरेका थिए । संविधान जारि हुने बेलामा मधेशकेन्द्रित दलहरु सानो शक्तिमा थियो । मधेशकेन्द्रित दलहरु शक्तिमा नभएकै कारण तीनटै दलले उपेक्षा गरे । तिनदलबीच १६ बुंदे सहमति भयो । सोही सहमतिको अधारमा संविधान जारी भयो । संविधानमा मधेशको असन्तुष्टी रहेको कारण मधेशमा ६ महिना लामो अवधिसम्म आन्दोलन भयो ।

जसपा अहिले मधेश आन्दोलनकै मुद्दा सम्बोधन हुनु पर्ने माग अगाडि सार्दै राजनीतिक सौदाबाजी गरि रहेको छ । जसपाले उठाएका मुख्य मागहरु जेलमा रहेका आफ्ना कार्यकर्ताहरुको रिहाइ, राजनीतिक मुद्दाहरुको खारेजि, संविधान संशोधन, लाल आयोगको प्रतिवेदन सार्वजनिक र जसपाको सहमतिमा नागरिकता विधेयक पारित हुनु पर्ने रहेका छन् । जसपा आफ्ना यीनै मागहरु पुरा हुने सुनिश्चितता खोज्दै छ । झट हेर्दा सत्ता समीकरणलाई जसपाले गौण मानेको पनि देखिन्छ ।

२०७४ फागुन ३ गते वर्तमान ओली नेतृत्वको सरकार गठन भएको हो । सरकारलाई महन्थ ठाकुरले नेतृत्व गरेको राजपाले पनि समर्थन गरेको थियो । तर, आफ्ना माग सम्बोधन नहुने देखेपछि छोटो समयमै समर्थन फिर्ता लियो । उपेन्द्र यादवले नेतृत्व गरेको पार्टी भने सहमतिको कार्यवन्यनको आशमा सरकारमा सहभागी नै भएको थियो । पछि प्रधानमन्त्रीले मतलब गर्न छोडेका कारण २०७६ साल मंशिरमा यादव पनि सरकारबाट बाहरियो । २०७७ साल बैशाख १० गते राजपा र संघीय समाजवादी पार्टि एकिकरण भएर जसपा संस्थापित भएको हो । पटक पटक आफ्ना माग सम्बोधन गराउने सहमति गर्दै सरकारमा सहभागी हुने गरेका मधेशकेन्द्रित दलहरुको माग तिनटै दलले सम्बोधन गर्न सकेको छैन ।

महन्थ ठाकुर नेपाली राजनीतिका चिर परिचित व्यक्ति हुन् । अहिलेसम्म ठाकुरले आदर्शवादी र नैतिकवान नेताको पहिचान गुमाएको छैन । लगभग चार दशक नेपाली काँग्रेसमा आबद्ध रहेका ठाकुर २०६४ सालमा काँग्रेस त्याग गरेर मधेशकेन्द्रित राजनीतिमा सकृय भएका थिए । काँग्रेसमा रहँदा पनि असल छवि बनाएका ठाकुर मधेशकेन्द्रित दलमा पनि आफ्नो छविमा दाग लाग्न दिएको छैन । मधेश केन्द्रीत दलमा सकृय भए देखि नै सधै नेतृत्वमै रहेका ठाकुर सत्ताको खेलमा कहिले लागेन । सँधै सबैलाई मिलाउनमै केन्द्रित हुने गरेका छन् ।

काँग्रेस नेतृत्वको विकल्पमा खुल्ला हुनु पर्छ । सत्ता समीकरण बनाउन खोजेको काँग्रेसले आफ्नै नेतृत्वको दावीमा अडिग रहनु हुँदैन । जसपाले पनि नेतृत्व लिन खोजेको हो भने नेतृत्वको नाम सहित एकजुट भएर दलहरुसँग छलफलमा जुटनुपर्छ । जसपाले औपचारिक निर्णय गरेर नेतृत्वको नाम टुङ्गो लगाएर नेतृत्वको दावी गर्नु उचित होला । नेतृत्व गर्नेले प्रष्ट निर्णयका साथ अग्रसरता लिन पनि जरुरी छ । जसपाले नेतृत्व लिन खोजेको हल्ला सुनिए पनि नेतृत्व लिन तयार रहेको देखिदैन । तसर्थ सर्वप्रथम जसपाले आफ्नो लाइन स्पष्ट गरेर नेतृत्वको लागि तयार भएको निर्णय गर्न जरुरी छ ।

ओलीको विकल्पको खोजीमा रहेका काँग्रेस र माओवादी केन्द्र कसैले नयाँ अनुहारलाई अगाडि सारेको छैन । ओलीको विकल्पमा जो आए पनि पहिले परीक्षण भैसकेकै अनुहार आउने हो । परिक्षण भैसकेको अनुहार ल्याउनु भन्दा जसपाले महन्थ ठाकुरलई अघि सारेमा समीकरण बनाउन काँग्रेस र माओवादी केन्द्र तयार हुनु पर्छ । सकेसम्म एमाले पनि महन्थको नेतृत्व स्विकार गर्न तयार हुनु पर्छ ।ठाकुरलाइ किन प्रधानमन्त्री नबनाउने ? के ठाकुर ओलीको विकल्प हुन सक्दैन ? हुन सक्छ भने सबै ठाकुरको नेतृत्व स्विकार गर्न तयार हुनु पर्छ । सँधै जसपालाई आफ्नो सत्ता टिकाइ दिने सहयात्री मात्रै बनाउनु हुँदैन ।

नेतृत्व दिन पनि तयार हुनु पर्छ नेपाली राजनीतिज्ञहरु । जसपा र महन्थ ठाकुरहरु किन र कहिलेसम्म अरुको सत्ता मात्रै टिकाइ रहने ? २०६९ सालमा मुलुकलाई निकास दिन बहालबला प्रधानन्यायधीशको नेतृत्व स्वीकार गरिसकेका यीनै दलहरुले मुलुकलाई निकास दिन अहिले ओलीको विकल्पमा ठाकुरलाई रोज्न सक्नु पनि उचित निर्णय नै हुन्छ । मधेशवाणीबाट

# कोरोना संक्रमित एक महिलाको रक्तश्राव नरोकिदा मृत्यु




बिराटनगर । कोरोना संक्रमित एक महिलाको रक्तश्राव नरोकिएकै कारण मृत्यु भएको छ ।

प्रदेश नं. १ को राजधानी विराटनगरको कन्चनवारीमा रहेको नोबेल शिक्षण अस्पतालमा उपचाररत कोरोना भाइरस सङ्क्रमित विराटनगर महानगरपालिका वडा नं. ५ कोचाखालकी ३७ वर्षीया महिलाको मृत्यु भएको छ ।

अस्पतालका प्रबन्धक नारायण दाहालका अनुसार मृतकमा कोरोना सङ्क्रमणसँगै अत्याधिक रक्तश्राव भइरहने समस्या थियो । महिलालाई उपचारका लागि अस्पतालको आइसोलेसनमा भर्ना गरिएको थियो ।

उपचार सफल हुन नसक्दा पाँच घण्टाभित्रै मृत्यु भएको दाहालको भनाइछ । पाठेघरमा भएको सङ्क्रमणका कारण महिलालाई रक्तश्रावको समस्या देखा परेको थियो । रक्तश्राव नरोकिएर स्वास्थ्य अवस्था जटिल बन्दै गएपछि कोरोना सङ्क्रमित महिलालाई उपचारका लागि अस्पताल ल्याइएको थियो ।

'रक्तश्राव धेरै भएकी महिलाको पीसीआर परीक्षण गराउँदा रिपोर्ट पोजिटिभ देखिएको थियो । महिलालाई 'अस्पताल ल्याइपुर्याउँदा अवस्था निक्कै गम्भीर बनिसकेको थियो ।' तत्काल आइसोलेसनमा भर्ना गरेर उपचार थालिए पनि रक्तश्राव नरोकिँदा जीवितै राखेर सङ्क्रमणमुक्त गर्ने प्रयास असफल भएको जानकारी दाहालले दिनु भएको थियो ।

उहाँका अनुसार मृतकमा रक्तश्राव र कोरोना सङ्क्रमणबाहेक स्वास्थ्य सम्बन्धी अरु कुनै पुरानो समस्या थिएन ।





**अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल**

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल हाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

**हाम्रो सेवाहरु :-**

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

सङ्कमा लैगिंक हिंन्साको रोकथाम :
तीनै तहका सरकारले निर्माण गरौं नयाँ आयाम

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# कोरोनाको कहरमा कमिशन

नेपाल लगायत विश्व भरी नै चलेको दोस्रो लहरको कोरोना संक्रमणले मानव जीवनलाई तहसनहस गर्दै मानवीय क्षति बढी भई रहेको छ। नेपालको छिमेकी मुलक भारतमा दैनिक लाखौमा संक्रमण फैलि रहेको छ भने नेपालमा पनि हजारौको संख्यामा कोरोना संत्रमित बृद्धि भई रहेको छ। अहिलेको कोरोना संक्रमितलाई श्वास प्रश्वासको समस्या देखिएकोले मानव जीवनलाई बचाउन चाहिने अक्सिजन कै अभावका कारण अस्पतला भित्र र बाहिर समेत विरामीहरु छटपटी वरहेको छ तर पनि नेपालका राजनीतिक कर्मी र सत्तामा बसेका राजनीतिक दलहरुले कोरोना संक्रमितलाई कसरी बचाउन सकिन्छ भन्ने तर्फ भन्दा पनि कोरोना संक्रमण संग जुध्नको लागि चाहिले स्वास्थ्य सामग्री खरीदमा कमिसनको खेलमा लागि परेका छन्। कोरोना संक्रमणवाट बच्नको लागि दिईने खोप समेत अव किनेर लगाउनु पर्ने भएको छ। भारतमा पाँच सय पर्ने खोपलाई नेपालमा मनपरी लिने हल्ला चलेको छ। त्यसमा नेताहरुको कमिसन समेत रहेको निजी क्षेत्रहरुले संचारमाध्यमहरु मार्फत वताउँदै आएको छ।

कोरोना संक्रमितलाई बचाउनुको सट्टा सत्तामा रहेको राजनीतिक दल र विपक्षमा रहेको राजनीतिक दलहरु समेत स्वार्थ पुर्तिका लागि मात्र सरकारको विरोध गर्ने स्वार्थ पुर्ति भएपछि सरकारको समर्थन गर्ने प्रवृति पुरानै रहेको छ। सत्तामा रहेको प्रधानमन्त्र केपी शर्मा आलीले आफ्नो सत्तालाई जोगाई राखने मनपरी विपक्षीहरुको मागहरु पुरा गर्दै आएको छ तर अस्पतालमा छटपटि रहेको कोरोना संक्रमितको पिडा प्रधानमन्त्रीले बुझ्दैन। विकास निर्माण, भौतिक समान खरिद, कोरोना अस्पतला संचालनलगायतको सवालमा कमिसन विना कामै आगडी बढ्दैन। कोरोन संक्रमण देखाएर विकास निर्माणका सम्पुर्ण कामहरु ठप भएकवो छ। नेपाल सरकारको तीनैवटा तहका नेता, कर्मचारी लगायत जनप्रतिनिधी समेत कमिसन विना कुनै पनि फाइल अगाडी बढाउँदैन। समाज लगायत नेताहरु, कर्मचारीमा देखिएको कमिसन रोक्न आम नेपाली जनता नै अगाडी बढ्नुको विकल्प छैन।

नेपाल सरकारको मुख्य काम नेपाली जनताको जीवन रक्षा कसरी हुन सक्छ त्यता तिर ध्यान केन्द्रित हुनु पर्नेमा सत्ताको लुछाचुडी, कमीसनमा ध्यान केन्द्रित भएको आम नेपाली जनतालाई अभास भई रहेको छ। नेपाली जनतालाई कोरोनाको कहरवाट बचाउन सवै राजनीतिक दलहरु एक ठाउँमा बसेर छलछफ गरी कसरी कोरोना संक्रमणलाई क मगर्न सकिन्छ त्यो गर्न तत्पर हुनु पर्छ। कोरोनाबाट बच्न लकडाउ एक मात्र उपायलाई धेरै लम्ब्याउन सकिदैन किन किन लकडाउ लामो भएमा आर्थिक संकट आउँन सक्छ। विगत एक हप्ताको लकडाउनले नै दैनिक ज्यालादारी मजदुरी गर्नेको घरमा अन्नको संकट भई सकेको छ। त्यस्ता परिवारलाई सरकारले तुरुन्त राहत उपलब्ध गराउनु पर्छ। अहिले मानवीय सेवा भावले काम गरौ कमिशनलाई त्याग गरौं यहिनै अहिलेको आवश्यकता हो।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# कोरोना महामारी रोकथाम, नियन्त्रण र उपचार

## परनिर्भर भइरह्यौं भने हामी हरेक पटक भारतमा हुने समस्याबाट आक्रान्त भइरहनेछौं

कमलजंग कुँवर
बाँकेको जमुनाहा नाका

सन् २०१९ को नोभेम्बरदेखि चीनको वुहान प्रान्तबाट शुरू भएको कोरोना भाइरसको महामारी चैत महीनामा जंगलमा लागेको डढेलो झैं छोटो अवधिमै विश्वभरि नै फैलियो।

तथापि हालसम्म कोरोना भाइरसको उत्पत्ति कुन जनावर वा अरू नै कुनै स्रोतबाट मानिसमा सरेको हो ? अहिलेसम्म पनि वैज्ञानिकहरूले ठोकुवा गरेर भन्न सकेका छैनन्।

गत वर्ष २०७७ चैत महीनामा छिटफुट रूपमा भित्रिएको कोरोनाले हाम्रो देशमा पनि महामारीको रूप लेला भन्ने आकलन गरी चार महिनासम्म नेपालमा लकडाउन गरियो। पहिलो पटक लकडाउन गर्दा कोरोनाभाइरसको संक्रमण आउन सक्ने सम्भावित स्रोतलाई बन्द नगरेर आफूआफूमै लकडाउन गर्नु दूरदृष्टि देखिएन। जसको परिणाम देशको भौतिक विकास, रोजगारी, व्यवसाय, आर्थिक विकासमा समस्या उत्पन्न भयो।

कोरोनाभाइरस संक्रमितको केही परम्परागत उपचार विधि, जडीबुटीको सेवन, नेपालको भौगोलिक र वातावरणीय अवस्थाका आधारमा नेपालीलाई संक्रमण नहुने र भए पनि निको हुने भनिए पनि यसको वैज्ञानिक तवरबाट पुष्टि हुन बाँकी नै छ।

कोरोना संक्रमण रोकथामका लागि अपनाइएका विविध उपायका बाबजुद पनि विगत एक महिनाको अवधिमा कोरोना संक्रमितहरूको संख्यामा भएको बढोत्तरीलाई विश्लेषण गर्दा यो समस्या सरकारको नियन्त्रण बाहिर जान थालेको आभास हुँदैछ। यही २०७८ वैशाख १६ गतेदेखि राजधानी लगायतका स्थलमा पुन: लकडाउन गरेर यसलाई रोकथाम तथा नियन्त्रण गर्न खोजिएको छ।

भारतसँग अन्धभक्ति वा अन्धद्वेष राखेर होइन उनीहरूलाई कुनै क्षति वा असर नहुने ढंगले देश र जनताको सर्वोपरि हितलाई ध्यानमा राखेर ढिलोचाँडो सदाका लागि खुला सिमाना बन्द गर्नै पर्छ।

भनिन्छ रोग लागेपछि रोगको उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु नै उत्तम उपाय र बुद्धिमानी हो। अहिले विश्वमा हाम्रो छिमेकी मुलुक भारत कोरोना महामारीको सबैभन्दा ठूलो संकटबाट गुज्रिरहेको छ।

रोजगारीका लागि नेपाल आउने कोरोना संक्रमित भारतीय नागरिक, भारत र विदेश गएकाहरू घर फर्कंदा संक्रमित भएर आउने र भारतबाट आउने यातायात मजदूर र व्यवसायी नै नेपालमा कोरोनाभाइरस संक्रमणका मुख्य सम्भाव्य स्रोत हुन्।

रोजगारीका लागि यताका उता र उताका यता आउने जाने क्रम पहिलो पटकको लकडाउनमा पनि चल्यो र अहिले पनि चलिरहेकै छ। कतिपय मानवीय संवेदना र रोजीरोटीका सवाल छन् भने भारतमाथिको अत्यधिक निर्भरता हाम्रा लागि सधैं चुनौतीपूर्ण रह्यो र अहिले महामारीको समयमा झन् यो टड्कारो रूपमा खट्कियो।

यो देशको राजनीतिक शासन, शासक, नेता र नेतृत्वले स्वदेशमै रोजगारी सृजना गरेर नेपालीहरू रोजगारीका लागि भारत र विदेश भासिन नपरेको भए ? नेपाल र भारतबीच खुला सीमा नाका नभएको भए ? दैनिक उपभोगका सामग्रीमा भारतमाथि निर्भर नभएको भए ? आफ्नै देशमा दक्ष जनशक्ति उत्पादन गरेर भारतबाट मगाउन नपरेको भए ? हामी धेरै नै सुरक्षित हुने रहेछौं।

अब नेपालमा बढ्दै गइरहेको कोरोना संक्रमणको प्रभावलाई न्यूनीकरण तथा निस्तेज पार्नका लागि आपतकालीन र दीर्घकालीन गरी दुई किसिमका योजना तथा कार्यनीतिहरू बनाएर लागू गर्नुको विकल्प नै छैन। कुनै पनि रोग तथा महामारीका समस्यासँग जुध्नका लागि अपनाइने सर्वव्यापी उपायहरूमध्ये रोकथाम, नियन्त्रण र उपचारका विधिलाई प्रभावकारी ढंगबाट लागू गर्नुपर्दछ।

रोकथामका लागि मास्क लगाउने, साबुन तथा स्यानिटाइजरले हात धुने, सामाजिक दूरी कायम गर्ने, खुला सिमाना बन्द गर्ने, भ्याक्सिन लगाउने, प्रचारप्रसार, सचेतना फैलाउने कार्यलाई अझै सशक्त र प्रभावकारी बनाउनुपर्दछ।

यस महामारीबाट बच्न अस्पताल, शय्या, औषधि, डाक्टर, उपकरण, एम्बुलेन्स, बजेटको तत्काल व्यवस्था गर्नुपर्दछ। उपचार पद्धतिलाई प्रभावकारी, चुस्त र दुरुस्त बनाउने स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन, हौसला, उत्प्रेरणा प्रदान गर्नुको साथै उनीहरूलाई यथोचित सेवा, सुविधा उपलब्ध गर्नु जरूरी छ। यसका साथै निम्नलिखित उपायहरू अबलम्बन गर्नु नितान्त आवश्यक रहेको छ :

१. धेरैभन्दा धेरै अस्पताल निर्माण गर्न, शय्या थप्न, उपचार सामग्री, विरामीको उपचार, औषधि र एम्बुलेन्स खरीद गर्न, सरकारी तथा निजी स्वास्थ्य संस्थामा कार्यरत सबै स्वास्थ्यकर्मीको यथोचित सेवा, सुविधाको लागि अरू शीर्षकबाट बजेट रकमान्तर गरेर कोरोना रोकथाम, नियन्त्रण र उपचारको लागि यथेष्ट आपतकालीन बजेटको व्यवस्था गर्नुपर्ने।

२. नेपालमा स्वास्थ्यकर्मीको कमी भएमा सेवा निवृत्त, विद्यार्थी, विदेशमा कार्यरत रहेका स्वास्थ्यकर्मीलाई नेपालमा झिकाई संक्रमणलाई रोकथाम, नियन्त्रण र उपचारमा परिचालन गर्नुपर्ने। देशलाई संकटबाट मुक्त गर्नु उनीहरूको पनि दायित्व, कर्तव्य र जिम्मेवारी महसूस गराउन सकेमा यो समस्याको हल साझा प्रयासबाट समाधान हुन्छ।

३. कोरोना महामारी रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक बजेट अपुग भएमा आपतकालीन कोष स्थापना गर्न आमजनतासँग आह्वान गर्ने। म र हामी सबैले आ-आफ्नो गच्छे अनुसार रकम उपलब्ध गराउन र आवश्यक परेमा तोकिएको ठाउँमा स्वयंसेवी भई खट्नलाई पनि तयार हुनुपर्छ।

४. जनतालाई कोरोना महामारी रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी जानकारीमूलक सूचनाहरू बारेमा सचेतना फैलाउने।

५. रोजगारीका लागि भारततर्फ गएका नेपाली नागरिक स्वदेश फिर्ता हुँदा, नेपालबाट भारतमा र भारतबाट नेपालमा विवाह भएका परिवार र आफन्तजनका हकमा छुट्टै व्यवस्था गरेर भारत लगायतका देशबाट आवतजावतमा आवश्यकता अनुसार सिमाना बन्द गर्नुपर्ने।

६. कोरोनाका कारण बन्द भएका उद्योग, व्यवसाय र मजदूरलाई राहत प्याकेज उलब्ध गराई मजदूर र व्यवसायीलाई प्रोत्साहन गर्ने।

७. कृषि व्यवसायीहरूलाई कृषिजन्य उत्पादनमा वृद्धि गर्न आवश्यक सेवा, सुविधा उपलब्ध गराई कृषि उत्पादनको उचित मूल्य उपलब्ध गराउने ग्यारेन्टी गर्ने।

८. आर्थिक कारोबारलाई बढावा दिने कार्यक्रम सञ्चालन गरी देशको अर्थतन्त्रलाई नोक्सान हुन नदिने।

९. हाल विश्व बजारमा माग भइरहेका सामग्री उत्पादन गर्ने उद्योग खोल्न उद्योगपतिलाई प्रोत्साहन गर्ने।

१०. सभा, छलफल, अध्ययन, अध्यापन, परीक्षा आदि वास्तविक (भर्चुअल) तरिकाबाट सञ्चालन गरिंदै आइएको छ भने देशको पर्यटन व्यवसायलाई पनि वास्तविक (भर्चुअल) सफारी, पैदल यात्रा आदि गराउन व्यवसायीसँग छलफल गरी पर्यटन प्रबर्द्धन गर्ने।

यसका साथै भविष्यमा भारत लगायतका देशमा रोजगारीका लागि नेपालीले भासिनुपर्ने बाध्यात्मक अवस्थाबाट मुक्त गर्न स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्नुपर्ने, देशमै दक्ष जनशक्ति उत्पादन गरी भारत वा विदेशको निर्भर हुन नहुने, नेपाल भारत खुला सिमाना बन्द गर्नुपर्ने, हामीलाई चाहिने दैनिक उपभोगका सामग्री आफ्नै देशमा उत्पादन गरेर स्वनिर्भर हुनुपर्ने आदि हुन्।

देशमा हुने सम्पूर्ण राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, अनधिकृत बसाइँसराइ, रोगव्याधि आदि नोक्सानीबाट बचाउनका लागि देशको सीमा व्यवस्थापन गर्नु नै आजको र भोलिको अपरिहार्य आवश्यकता हो।

हामी सधैं परनिर्भर भइरह्यौं भने हरेक पटक भारतमा हुने समस्याबाट हामी पनि आक्रान्त हुनेछौं। देशको आर्थिक विकासको वाधक अत्यधिक व्यापार घाटा र नेपालबाट दुई गुणा बढी रेमिट्यान्स भारततर्फ जाने क्रमलाई रोक्नका लागि पनि यो कदम चाल्न जरूरी छ।

नेपाल र भारतबीचको खुला सिमानाका कारण उत्पन्न समस्यामध्ये चाहे भारतमा चेलीबेटी बेचबिखन वा चोरी निकासीको कुरा होस् हाम्रो लागि सधैं जटिल नै भएका छन्। नेपालमा कोरोना महामारीको स्रोत भारत हो भने मुहान नै बन्द गर्नु बुद्धिमानी ठहर्छ।

भारतसँग अन्धभक्ति वा अन्धद्वेष राखेर होइन उनीहरूलाई कुनै क्षति वा असर नहुने ढंगले देश र जनताको सर्वोपरि हितलाई ध्यानमा राखेर ढिलोचाँडो सदाका लागि खुला सिमाना बन्द गर्नै पर्छ।

हामीले यसको उचित व्यवस्थापन गर्ने हिम्मत, आँट र साहस जुटाउनै पर्छ, अन्यथा हामी र हाम्रा भावी सन्तति सधैं महामारी र संकटग्रस्त भएर पछुताएर नै बस्नुपर्ने हुन्छ। अनलाईनबाट

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# पूर्वाञ्चल विश्वविद्यालयको परिक्षा अगावै प्रश्नपत्र आउट गर्ने ९ धरौटीमा रिहा १ कोरानाका कारण अनुपस्थित



पूवाञ्चल विश्व विद्यालय गोठगाउँबाट परिक्षा अगावै प्रश्नपत्र आउट गर्ने गिरोह जिल्ला प्रशासन कायालय मोरंगबाट धरौटीमा रिहा हुँदै ।

विराटनगर । पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा केही कर्मचारीहरुको संलग्नतामा परिक्षा अगावै प्रश्नपत्र आउट गरेको आरोपमा पक्राउ परेका ९ जना धरौटी रकम बुझाएर रिहा भएका छन् ।

उत्त आरोपमा १० जनालाई प्रतिवादी बनाएर जिल्ला प्रहरी कार्यालय मोरंगले चलाएको शिक्षा ऐनअन्तर्गतको मुद्दामा मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाको इजलासले धरौटीमा छाड्न आदेश दिएको थियो । जिल्ला प्रशासन कार्यालयमा धरौटी रकम बुझाएर छुट्नेहरुमामा पूर्वाञ्चल विश्व विद्यालयका एक कर्मचारी, एक जना विचौलिया र सात जना परीक्षार्थी छन् ।

जिल्ला प्रशासन कार्यालय मोरङका नायव सुब्बा रमेशकुमार निरौलाका अनुसार पूर्वाञ्चल विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय विराटनगरका सहायक ४४ वर्षीय कोमलप्रसाद गौतम र संखुवासभाको मादी नगरपालिका वडा नं. ६ घर भएका ३५ वर्षीय गोपाल कार्कीलाई १/१ लाख रुपैयाँ धरौटी माग गरिएको थियो ।

त्यसैगरी परीक्षा अगाडि नै प्रश्नपत्र बाहिर ल्याउन मूख्य भूमिका खेलेका विराटनगर महानगरपालिका वडा नं. ८ का गौतमलाई निलम्बन पनि गरिएको छ । मुद्दाको किनारा नलागेसम्म शिक्षा ऐन २०२८ को दफा १७ को उपदफा १ (ख) बमोजिम गरिएको गौतमको निलम्बन यथावत रहने छ । विचौलियाको भूमिकामा देखिएका कार्की भने कर्मचारीसँग 'सेटिङ' मिलाएर परीक्षा अगावै प्रश्नपत्र बाहिर ल्याउन सफल भएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

मुद्दामा प्रतिवादी बनाइएकामध्ये विश्वविद्यालयका परीक्षार्थी विजय पोखरेलसँग ८० हजार रुपैयाँ धरौटी माग गरिएको छ भने परीक्षार्थीहरु मीनप्रसाद भट्ट, भरत पन्त, विकाश खड्का र निर्मल खड्कासँग जनही ५० हजार रुपैयाँ धरौटी माग गरिएको थियो । त्यस्तै सप्तरीको जीवनकुमार यादव र महेश यादवसँग जनही २० हजार रुपैयाँ धरौटी तोकिएको थियो ।

आदेशपछि सबै जना धरौटीवापतको रकम बुझाएर छुटिसकेका छन् । पक्राउ परेका १० जनामध्ये महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं. ९ का २९ वर्षीय नानीपथ मण्डल कोरोना संक्रमण पुष्टि भएपछि उपचाररत अवस्थामा छन् । संक्रमणमुक्त भएर उपस्थित हुन आएपछि उनीसँग वयान लिँदै मुद्दाको बाँकी प्रक्रिया अघि बढाइने भएको छ ।

# स्वस्थ्य रहन असल खानपानका २० उपाय

नेपाली नयाँ वर्ष २०७८ आजदेखि शुरु भएको छ। २०७७ साललाई विदाई गर्दै नेपालीहरू एकआपसमा शुभकामना आदान( प्रदान गरेर नयाँ वर्ष २०७८ लाई स्वागत गर्दैछन्।

कतिपय मानिसहरू नयाँ वर्षमा नयाँ योजना तथा कार्यको थालनी गर्छन्। नयाँ वर्षको दिनमा शुभारम्भ गरिएको कार्यले वर्षभरी नै खुशी मिल्ने विश्वास पनि राखिन्छ।

हामी कोरोना संक्रमणको त्रासबाट मुक्त हुन सकेका छैनौं। नयाँ कार्यको शुभारम्भका लागि मात्र होइन आफूलाई स्वस्थ राख्न लागि पनि विशेष योजना र स्वस्थकर जीवनशैली अपनाउन आवश्यक छ।

स्वस्थ जीवनका लागि असल खानपान हुन अति आवश्यक छ। आज हामी तपाईंलाई असल खानपानका २० वटा उपायबारे जानकारी गराउँछौं ।



यी हुन् असल खानपानका २० उपाय

१. विभिन्न थरीका खाने कुराहरू हरेक दिन उपभोग गर्ने।

२. फलफूल र हरिया सागसब्जी हरेक दिन पर्याप्त मात्रामा उपभोग गर्ने।

३. दाल र गेडागुडी हरेक दिन उपभोग गर्ने।

४. माछा, मासु वा अण्डा नियमित रूपमा उपभोग गर्ने।

५. दूध र दूधजन्य खाने कुराहरू हरेक दिन उपभोग गर्ने।

६. खाना पकाउँदा तेल वा घिउ थोरै मात्रामा प्रयोग गर्ने।

७. खानपान सम्बन्धि अन्धविश्वासबाट सावधान हुने।

८. खानामा नुनको प्रयोग कम मात्रामा उपभोग गर्ने।

९. गुलिया र चिल्ला खानेकुरा कम मात्रामा उपभोग गर्ने।

१०. सँधै ताजा र सफा खाद्य वस्तु उपभोग गर्ने।

११. पर्याप्त मात्रामा सफा पानी पिउने।

१२. नियमित रूपमा शारीरिक परिश्रम गर्ने।

१३. परम्परागत तथा स्थानीयस्तरमा पाइने पौष्टिक खाद्यवस्तु उपभोग गर्ने।

१४. पौष्टिक तत्व कम भएका तथा बढी गुलिया, चिल्ला र नुनिला खाने कुरा कम मात्रामा उपभोग गर्ने।

१५. मदिराजन्य पेय पदार्थ उपभोग नगर्ने।

१६. शिशुलाई पर्याप्त मात्रामा स्तनपान गराउने।

१७. शिशु ६ महिना पूरा भएपछि स्तनपानको साथसाथै थप खाना खुवाउने।

१८. गर्भवती र स्तनपान गराउने आमाले थप र पोषिला खाद्य वस्तु उपभोग गर्ने।

१९. किशोरकिशोरीहरूले खानपान सम्बन्धी स्वस्थ मानी बसाल्ने।

२०. ज्येष्ठ नागरिकको खानपानमा विशेष ध्यान दिने।

यी उपायलाई नियमित रूपमा आफ्नो जीवनमा लागू गर्न सकेमा धेरै किसिमका रोग तथा संक्रमणबाट पनि जोगिन सकिन्छ। स्वस्थ रहन सकेमा आफूले बनाउने हरेक कार्य तथा योजना सफल पार्न सकिन्छ। त्यसैले नयाँ वर्षदेखि नै यी उपायहरूलाई आफ्नो दैनिक जीवनमा लागू गर्नु उपयुक्त हुन्छ ।


## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातती फोहोरमैला नफालौं ।


# कोइला फ्याक्ट्रीमा आगलागी

झापा, बैशाख २० गते । झापा मेचीनगर नगरपालिका १५ मिलकोटी स्थितमा रहेको बायोग्यास कोईला फ्याक्ट्रीमा बिद्युत सर्ट भई आगोलागी हुँदा ठुलो क्षेती भएको छ ।

उक्त आगो नियन्त्रणमा ७ वटा दम्कल सहित सेना, प्रहरी, स्थानिय बासी परिचालित भएको थियो ।

सो आगोबाट अन्दाजी १५ करोड बराबरको क्षेती भएको फ्याक्ट्री संचालकले बताएको ईलाका प्रहरी कार्यालय धुलाबारीले जनाएको छ। उक्त आगोबाट मानबिय क्षेती नभएको सो कार्यालयले जनाएको छ ।

# पिकपको ठक्करले प्रहरीको मृत्यु

विराटनगर। सुनसरीको इटहरीमा पिकअप गाडीले ठक्कर दिँदा मोटरसाइकलमा सवार एक जना प्रहरी जवानको मृत्यु भएको छ ।

पूर्व-पश्चिम लोकमार्गमा पूर्वतर्फ आउँदै गरेको को २० प ४६८३ नम्बरको मोटरसाइकललाई विपरीत दिशातर्फ जाँदै गरेको को १ च ७८१६ नम्बरको पिकअपले ठक्कर दिँदा प्रहरी जवान ३३ वर्षीय कमलबहादुर खड्काको मृत्यु भएको थियो ।

इटहरी उपमहानगरपालिका वडा नं. ६ मा भएको दुर्घटनामा परेर गम्भीर घाइते भएका खड्कालाई उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पुर्याउनसाथ चिकित्सकले मृत घोषित गरेका थिए ।

सुनसरी प्रहरीका प्रवक्ता डीएसपी नरेन्द्र कार्कीका अनुसार इलाका प्रहरी कार्यालय चिमडीमा कार्यरत खड्काको घर झापाको कचनकवल गाउँपालिका वडा नं. ६ मा रहेको छ । दुवै सवारी साधन र पिकअप चालक तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं ६ का ४६ वर्षीय भगतबहादुर लिम्बूलाई नियन्त्रणमा लिएर घटनाको अनुसन्धान थालिएको जानकारी डीएसपी कार्कीले दिनु भएको थियो ।

# टिकटक बनाउँदा लडेर मृत्यु

उदयपुर । उदयपुरको कटारी नगरपालिका-११ हर्देनी भीर माथी टिकटक बनाउने क्रममा लडेर १ जनाको मृत्यु भएको छ ।

धरानबाट ओखलढुङ्गा तर्फ जाँदै गरेको ना १ च ३३७० नम्बरको सुमो आज बिहान पौने १० बजे हर्देनी भीर माथी सडकमा बिग्रिएको र सोही सुमोमा सवार रहेका धरान-५ का १८ बर्षीय सुभास परियार सुमोबाट ओर्लिएर टिकटक बनाउने क्रममा भिरबाट लडेको थियो ।

लडेर गम्भिर घाईते भएकोमा उपचारको लागी कटारी अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । घटनास्थलमा प्रहरी टोली खटि गई थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।


## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौं । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्वर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १



## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ले हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १

# अस्पतालमा उपचाररत तीन कोरोना संक्रमितको मृत्यु

विराटनगर। मोरंगको विभिन्न अस्पतालहरुमा उपचाररत तीन जना कोरोना संक्रमितिको मृत्यु भएको छ।

मोरङको बूढीगङ्गा गाउँपालिका स्थित विराट शिक्षण अस्पतालमा शुक्रबार राति मृत्यु धरानका उद्योगी ६४ वर्षिय पुरुषको मृत्यु भएको थियो। विराटका कोभिड अस्पताल इन्चार्ज सुनिल देवका अनुसार जटिल अवस्थामा उपचार जारी राखिएको भए पनि बचाउन नसकिएका मृतकमा उच्च रक्तचापको पुरानै समस्या रहेको उहाँको भनाइ छ।

पीसीआर परीक्षण गराउँदा कोरोना भाइरस पुष्टि भएर स्वास्थ्यमा थप समस्या आएपछि उनलाई उपचारका लागि वैशाख १७ गते अस्पताल भर्ना गरिएको थियो। आन्द्रामा देखिएको समस्याको उपचार गराउन केही समयअघि भारतको नयाँ दिल्ली गएका उद्योगीलाई फर्किएर आएपछि परीक्षण गराउँदा कोरोना सङ्क्रमण पुष्टि भएको थियो।




नयाँ दिल्लीमा उनको आन्द्राको शल्यक्रिया गरिएको थियो। मृतक उद्योगी सुनसरी उद्योग वाणिज्य सङ्घका सल्लाहकार हुन्। उनको धरानमा सूर्य कत्था उद्योग र खोटोको टरपेनटाइन तथा गुट्खा उद्योग पनि छ। उनी पेट्रोल पम्पका सञ्चालक पनि हुन्।

त्यस्तै विराटमै उपचाररत विराटनगर महानगरपालिका वडा नं. ५ की ५२ वर्षीया महिलाको पनि मृत्यु भएको छ। कोरोना पुष्टि भएपछि उनलाई उपचारका लागि अस्पताल लगिएको थियो। गम्भीर अवस्थामा अस्पताल ल्याइएकी महिलाको मृत्यु भएको जानकारी देवले दिनु भयो।

त्यस्तै मोरङको कटहरी गाउँपालिका वडा नं. २ की ९१ वर्षीया वृद्धाको होम आइसोलेसनमै मृत्यु भएको छ। पीसीआर परीक्षण गराउँदा वैशाख २२ गते रिपोर्ट पोजिटिभ आए पनि उनलाई होम आइसोलेसनमै राखिएको थियो।

प्रहरीका अनुसार कोरोना सङ्क्रमित वृद्धाको घरमै मृत्यु भएको हो। उता बुटवल घर भएका ५१ वर्षीय एक पुरुषको पनि विराटनगरमा मृत्यु भएको छ। उनी विराटनगर महानगरपालिका वडा नं. ९ का खेमराज ढुङ्गानाको घरमा डेरा बस्थे। श्वासप्रश्वासमा समस्या भएपछि पीसीआर परीक्षणका लागि शुक्रबार स्वाब सङ्कलन गरेर कोसी अस्पताल लगिएको थियो।

त्यसको रिपोर्ट नआइकन नै बसेकै कोठामा उनको मृत्यु भएको प्रहरीले जनाएको छ। शव व्यवस्थापनका लागि रिपोर्टको पर्खाइमा रहेको प्रहरीको भनाइ छ। रिपोर्ट पोजिटिभ आएमा प्रक्रिया पूरा गरेर शवको व्यवस्थापन गरिने र नेगेटिभ आएमा अन्त्येष्टिका लागि परिवारको जिम्मा लगाइने मोरङ प्रहरीका प्रवक्ता डीएसपी मानबहादुर राईले जानकारी दिनु भयो।




# लागुऔषध सहित दुई जना पक्राउ

विराटनगर। लागुऔषध सहित दुई जना युवाहरुलाई बिराटनगरबाट प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सुनसरीको इटहरीका दुई युवा भारतको जोगवनीदेखि लागुऔषध लिएर आउँदै गर्दा सशस्त्र प्रहरीले विराटनगर महानगरपालिका वडा नं. १६ मुसहरी टोलबाट इटहरी उपमहानगरपालिका वडा नं. ४ का २४ वर्षीय असिम बस्नेत र इटहरी उपमहानगर पालिका वडा नं. ५ का ३२ वर्षीय पोष्टकुमार विश्वकर्मालाई रहेका छन्।

सशस्त्र प्रहरी बल मोरङका प्रमुख एसपी तीर्थ पौडेलका अनुसार भारतबाट नेपालतिर आउँदै गरेको अवस्थामा उनीहरु पक्राउ परेका हुन्। को २५ प २५५५ नम्बरको स्कुटरमा सवार रहेका उनीहरुलाई नियन्त्रणमा लिएर खानतलासी गर्दा कम्मरमाथिको भागमा टेपले बाँधेर ल्याएको अवस्थामा लागुऔषध फेला परेको जानकारी दिनुभयो।

स्कुटरको पछाडि सवार रहेका विश्वकर्माको शरीरबाट लागुऔषध डाइजेल्याब, लुपिजेसिक, फेनारगन र एभिल नामक लागुऔषध ३०/३० एम्पुल बरामद भएको छ। त्यसैगरी लागुऔषध डाइलेक्स डीसी र नाइट्रोसन ट्याब्लेट समेत बरामद भएको छ।

स्कुटर र लागुऔषधसहित पक्राउ परेका दुवै जनालाई आवश्यक कारबाहीका लागि नेपाल प्रहरीको जिम्मा लगाइएको छ। इलाका प्रहरी कार्यालय रानीले दुवै जनाविरुद्ध लागुऔषध ऐनअन्तर्गतको मुद्दा चलाउन म्याद थप गरेर अनुसन्धान अघि बढाएको छ।

मोरङ प्रहरी प्रमुख एसपी सन्तोष खड्काले कोरोना नियन्त्रणमा सुरक्षाकर्मी व्यस्त रहेको मौका छोपेर लागुऔषधको ओसारपसार लगायतका अरु पनि अवैध गतिविधी गर्ने गिरोह सक्रिय भएको हुनसक्ने यस्तो गिरोहलाई नियन्त्रणमा लिएर नेपाल-भारत सीमा क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको उहाँको भनाइ छ।

# करेन्टलागेर एकको मृत्यु

खोटाङ। खोटाङको हलेसी तुवाचुङ नगरपालिका-५ का लोकेन्द्र राईको १० वर्षीय छोरा टिहाङ राईको करेन्ट लागेर मृत्यु भएको छ।

घरबाट दिदिको घर तर्फ जाँदै गरेका बालकले बाटोमा रहेको बिजुलीको पोल छुँदा अचानक करेन्ट लागेर घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ। घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

छोरा छोरी दुवै बराबरी त्यसैले दुवैलाई विद्यालय पठाऔ।

# जागरूक नागरिकको आह्वान

हाल नेपालमा कोरोना भाइरसका भिन्न-भिन्न 'भेरियन्ट'हरू व्यापक रूपमा फैलिरहेका छन्। कोभिड-१९ को यो दोस्रो लहरबाट हजारौं नेपालीहरू सङ्क्रमित भैसकेका छन् भने मृतकको सङ्ख्या पनि ह्वात्तै बढेको छ। सामान्य उपचारको लागि समेत अस्पतालहरूमा सङ्क्रमितको भिड लागेको छ। अहिलेको अवस्था हेर्दा अझै थुप्रै सङ्क्रमितका लागि अक्सिजन सेवा र सघन उपचार आवश्यक हुने देखिन्छ। यस्तो अवस्थामा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको 'अस्पतालमा शैया उपलब्ध गराउन नसकिने' भन्ने पछिल्लो वक्तव्यले आम नेपाली नागरिकलाई चिन्तित र आक्रोशित बनाएको छ।

यस सम्बन्धमा सरोकारवाला आम नागरिकका तर्फबाट हामी नेपाल सरकार तथा सम्बद्ध निकायहरूको निम्न विषयमा ध्यानाकर्षण गर्न चाहन्छौं:

१. कोभिड सङ्क्रमणको नियन्त्रण र प्रभावकारी व्यवस्थापनका लागि उपलब्ध रहेको सहज समयमा गरिनु पर्ने आवश्यक प्रतिकार्यहरू नगरी अन्तिम अवस्थामा आएर केही स्थानमा निषेधाज्ञा जारी गर्ने कार्यमा मात्र सरकार सीमित भएकोमा खेद व्यक्त गर्दछौं।

२. जस्तोसुकै अवस्थामा पनि नागरिकको स्वास्थ्य सुरक्षाको दायित्व वहन गर्नुपर्ने सरकारले विशेष उपायहरू केही पनि अवलम्बन नगरी 'सङ्क्रमण दर बढेमा उपचार अभाव हुने' वक्तव्य जारी गर्नु आफ्नो संवैधानिक दायित्वबाट विमुख हुनु र जिम्मेवारीबाट भाग्नु हो। सरकारको यस रवैयाले हामी नागरिकलाई थप भयभीत र निराश तुल्याएको छ।

३. कोभिड-१९ को सङ्क्रमण नियन्त्रण गर्नका लागि लागू गरिएका मास्कको अनिवार्य प्रयोग, व्यक्ति-व्यक्तिबिच दूरी कायम गर्ने जस्ता उपायहरूलाई अत्यन्त कडाइका साथ कार्यान्वयन गरियोस्। यस्ता नियम उल्लङ्घन गर्ने सर्वसाधारणलाई सम्झाइ-बुझाइ र सचेत पार्ने तथा राज्यका उच्च र जिम्मेवार पदमा रहेर पनि नियमको पालना नगर्ने पदाधिकारीहरूलाई तत्काल जरिवाना गरेर चेतावनी दिने व्यवस्था गरियोस्।

४. निजी र सामुदायिक अस्पताल एवं नर्सिङ होमहरूमा उपलब्ध स्वास्थ्य-उपकरण र जनशक्तिलाई सङ्क्रमितहरूको उपचारमा सहजतापूर्वक उपयोग गर्ने व्यवस्था गरियोस्।

५. कोभिड सङ्क्रमण दर बढेसँगै देशभर नै सघन उपचारको आवश्यकता बढ्दै गएको सन्दर्भमा सघन उपचारको यथाशक्य थप व्यवस्थापन गर्न हामी जोडदार माग गर्दछौं।

६. मित्र राष्ट्र तथा दातृ निकायहरूसँग समेत पहल गरी अत्यावश्यक स्वास्थ्य सामग्रीको शीघ्र व्यवस्था गर्न अनुरोध गर्दछौं।

७. देश भित्रका नागरिक, सङ्घसंस्था, व्यवसायी र स्वयंसेवी संस्थाहरूसँग छलफल गरी महामारी रोकथाम कार्यमा उनीहरूलाई परिचालन तथा प्रोत्साहित गर्न र आवश्यकता अनुसार सहकार्य गर्न अनुरोध गर्दछौं।

८. स्थानीय सरकारहरूलाई अघिल्लो वर्ष जस्तै सक्रिय भएर सङ्क्रमण दर रोक्ने गतिविधिहरू सञ्चालन गर्न, स्थानीय स्वास्थ्य संस्थाहरूको उपयोग गर्न र 'लकडाउन'का कारण मारमा परेका नागरिकलाई आवश्यक सहयोग गर्न पनि अनुरोध गर्दछौं।

९. प्रतिकुल अवस्थाको मौका छोपी स्वास्थ्य सामग्री, खाद्यान्न जस्ता अति आवश्यक वस्तुहरूमा कालोबजारी गर्नेहरूको पहिचान गरी कारबाही गर्न अनुरोध गर्दछौं।

१०. यो सङ्कटपूर्ण घडीमा राष्ट्रियसभा, प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय परिषद् लगायतका जनप्रतिनिधिहरूलाई नागरिकका समस्याहरू उठाउन एवं सरकारलाई सक्रिय रूपमा काम गर्न र जनता प्रति जबाफदेही बनाउन आवश्यक भूमिका निर्वाह गर्न अनुरोध गर्दछौं।

११. सीमा नाका हुँदै नेपाल भित्रिएका नागरिकहरूको कोभिड-१९ सङ्क्रमण भए/नभएको सुनिश्चितता गर्न आवश्यक परीक्षणको व्यवस्था गरी सिमाना नजिकै क्वारेनटिनमा कम्तीमा एक हप्ता राखी आवश्यकताअनुसार थप उपचार गर्ने तथा होम आइसोलेसनको लागि सिफारिस गर्ने/गराउने व्यवस्था गर्न अनुरोध गर्दछौं।

१२. निषेधाज्ञाका कारण मारमा परेका श्रमिक, विपन्न वर्ग, सीमान्तकृत समुदाय र ब्यबसहिको लागि राहतको कार्यक्रम सञ्चालन गर्न र बजेट व्यवस्थापन गन अनुरोध गर्दछौं।

१३. सङ्क्रमित महिला, गर्भवती महिला, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ती, दीर्घ रोगी, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरू (ल्द्यत्क्तब) र अति विपन्न वर्गहरूलाई क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रमा प्राथमिकतामा राखेर उपचार गर्नको लागि अनुरोध गर्दछौं। उक्त केन्द्हरु अपाङ्गता तथा लैङ्गिक मैत्री बनाउन अनुरोध गर्दछौं।

१४. नेपाल सरकारका तिन वटै तहहरू- केन्द्रीय, प्रादेशिक तथा स्थानीय सरकारहरूले कोरोना रोकथाम तथा नियन्त्रणमा गरेका सबै खर्च विवरणहरू पारदर्शी गर्न अनुरोध गर्दछौं।

यो कठिन परिस्थितिमा धैर्य धारण गर्दै सकेसम्म घरमै बस्ने र घरबाहिर निस्कनु परेमा सम्पूर्ण स्वास्थ्य नियमहरू पालना गर्न हामी सम्पूर्ण नागरिकहरूलाई हार्दिक आह्वान गर्दछौं!

**जागरुक नागरिकहरू:**

१. प्रो. डा. हेमराज पन्त, शिक्षाविद् २. जगन्नाथ लामिछाने, अभियन्ता ३. प्रेम सापकोटा, अभियन्ता ४. गणेश वि.क., महासचिव मासंम, बझाड. ५. मनोमोहन स्वार, पत्रकार, कैलाली ६. वरिष्ठ अधिवक्ता रमेशदेब भट्ट, कन्चनपुर ७. बसन्ती चौधरी, अधिकारकर्मी, कैलाली ८. अधिवक्ता अजय शंकर झा, पिडिएसन, काठमाडौं। ९. प्रदिप परियार, कार्यकारी निर्देशक, समता फाउन्डेसन।१०. भक्त विश्वकर्मा, कार्यवाहक अध्यक्ष, दलित गैह्रसरकारी महासंघ ११. सुमन अधिकारी, कार्यकारी निर्देशक, नेपाल बहिरा महासंघ १२. रेम वि.क., कार्यकारी निर्देशक, जागरण मिडिया १३. सन्जु साह, अक्ष्यक्ष, महिला, शान्ति तथा अनुसन्धान केन्द्र, मोराङ. १४. प्रमेश मण्डल, सेफ नेपाल, सिराह १५. डा. बीरेन्द्रराज पोखरेल, अपाङ्गता र मानव अधिकार अभियन्ता, काठमाडौं १६. यमलाल लोहोनी, अध्यक्ष, रुपन्देही ब्यापार संघ १७. दीपज्योति श्रेष्ठ, युवा अभियन्ता, नुवाकोट १८. जानकी घिमिरे अर्याल, लुम्बिनी प्रदेश अध्यक्ष, मानब अधिकारका लागि एकल

कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो। त्यसैलेकर तिरौं देशको राजश्व बढाऔं। स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस्। लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर। कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी बनौं। सामान किनौं गतिलो ठानेर बिल मागौं अधिकार ठानेर।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

**3. यसबाट बच्न के-के गर्ने?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १

# बरगाछीलाई सडक विभागले स्तम्भलाई मापस गर्ने ट्रक चालकले ढाल्यो



बिराटनगर । सडकको छेउमा रहेको सबैलाई छाहरी दिने बरगाछीलाई सडकलाई चौडाई र स्तारउन्नति गर्ने क्रममा सडक विभागले बरगाछीलाई ढालेको थियो भने सोही स्थानमा बरगाछीको स्वरुमामा बनेको सिमेन्टबाला बरगाछीको स्तम्भ एक ट्रकचालकले ठक्कर दिदा मंगलबार राती सो स्तम्भ ढलेको छ ।

सडकको छेउमा रहेको बरको गाछी भएकै कारण बिराटनगर महानगर पालिका वडा नं. ५ गोग्राह भनिने ठाउंको नाम ओभ्रेलमा पर्दै बरगाछीमा परिवर्तन भएको थियो । बरगाछी नमाकरणलाई कायम राख्न लायन्स क्लब अफ विराटनगरले बरकै रुखजस्तो देखिने स्तम्भ सडकको बीचमा निर्माण गरि दिएको थियो ।

उक्त स्तम्भ मादक पदार्थ सेवन (मापसे) गरेका चालकले तीव्र गतिमा चलाएको ना ७ ख १४३७ नम्बरको खाली ट्रकले स्तम्भलाई ट्रकले ठोक्किँदा बरगाछीमा रहेको स्तम्भ भाँचिएको थियो ।

ठक्करबाट रड, सिमेन्ट र इँटा प्रयोग गरेर बनाइएको स्तम्भ भाँचिएर पूरै क्षति पुगेको थियो । दुर्घटना हुँदा विष्फोट भएजस्तो ठूलो आवाज आएको जानकारी स्थानीयले प्रहरीलाई दिएको थियो ।

दुर्घटना गराउने ट्रकका चालक मोरङको उर्लाबारी नगरपालिका वडा नं. ६ का २५ वर्षीय पदम ढुंगानालाई प्रहरीले नियन्त्रणमा लिएको थियो । कोसी अस्पतालमा स्वास्थ्य परीक्षण गराउँदा मापसे गरेको पत्ता लागेको थियो ।

जिल्ला प्रहरी कार्यालय मोरंगका डीएसपी मानबहादुर राईका अनुसार दुर्घटना गराउने ट्रकका चालकको साथमा सवारी चालक अनुमति पत्र (लाइसेन्स) पनि नभएको, तीव्र गति र चालकले मापसे गरेर कुदाएका कारण नियन्त्रण गुमाउँदा स्तम्भमा ठोक्किएर ट्रक दुर्घटनामा परेको जानकारी गराएका थिए ।

# ओलीको विकल्प ठाकुर किन हुन् सक्दैन ?

कुमार यादव

प्रधानमन्त्रीले गत पुस ५ गते विघटन गरेको प्रतिनिधिसभा सम्मानित सर्वोच्च अदालको फागुन ११ गतेको फैसलाले पुनःस्थापना भयो । प्रतिनिधिसभा पुनःस्थापना भएको पनि डेढ महिना पुरा भइ दुई महिना हुन लागेको छ । यतिको समय बितिसक्दा पनि मुलुकको राजनीतिले लिनु पर्ने रफतार लिन सकेको छैन । अहिले पनि राजनीतिक अन्यौलता कायम नै छ । मुख्यतया अहिले मुलुकको राजनीति वर्तमान ओली सरकारको निरन्तरता कि ओलीइतरको नयाँ सत्ता समीकरण कि ताजा जनादेशको अन्योलग्रस्त अवस्थामा फसेको छ ।

पछिल्लो समय निर्वाचनमा जानुपर्ने अवस्था आउनसक्छ भन्ने प्रमुख प्रतिपक्षी दल काँग्रेसका सभापति देउवाको अभिव्यक्ति आएको छ । देउवाको यो अभिव्यक्ति मुलुक अर्ली इलेक्सनमा जान लागेको सम्भावना बढेको संकेत हो । यसअघिदेख नै प्रधानमन्त्री ओली अर्ली इलेक्सनमा जानु पर्ने पक्षमै रहेका छन् । हुन त काँग्रेस वैकल्पिक सरकारको नेतृत्व गर्न तयार रहेको निर्णय पनि देउवाको रुचि विपरित भएको निर्णय हो । अहिले निर्वाचन भएमा काँग्रेसलाइ लाभ हुने, सभापति देउवाको बुझाइ रहेको छ । पछिल्लो समय आएको देउवाको अभिव्यक्तिले सभापति देउवाको ध्यान पनि अर्ली इलेक्सनमै रहेको प्रष्ट भएको छ । सभापति देउवा काँग्रेस नेतृत्वमा सरकार बनाउन अग्रसर भएको देखिए पनि देउवाको प्राथमिकता मा ओलीइतरको गठबन्धन पर्न नसकेको देखिन्छ ।

प्रतिनिधिसभा विघटनलाइ प्रतिगमन भन्दै तत्कालीन नेकपाका दहाल-नेपाल पक्ष, प्रमुख प्रतिपक्षी काँग्रेस र प्रतिपक्षमा रहेका जसपा समेतले प्रधानमन्त्री ओलीको विरोध गरेको थियो । यी दलहरु प्रतिनिधिसभा पुनःस्थापनाकै पक्षमा रहेको थियो । प्रतिनिधिसभा पुनःस्थापना पनि भयो । तर, पुनःस्थापना भएको प्रतिनिधिसभाले मुलुकलाई निकास दिन सकेको छैन् । यसको नैतिक जिम्मेवारी यिनै दलहरुले लिनु पर्छ ।

ओलीइतरका दलहरुबीच विश्वासको वातावरण बन्न सकेको छैन । सबै दलमा गुट र समुह पिच्छै फरक फरक मत छ । कुनै पनि दलमा एकमत छैन । वैकल्पिक सरकारको लागि नया सत्ता समीकारण तयार हुन नसक्नुमा दलहरुको आन्तरिक विवाद नै मुख्य कारक रहेको छ । ओलीलाई प्रतिगामी भनेकाहरुले तुरुन्तै ओलीको विकल्प दिन सक्नु पर्छ । ओलीको विरोध पनि गर्ने तर पुनःस्थापित प्रतिनिधिसभाबाट निकास पनि दिन नसक्ने, यसलाइ पनि अग्रगमन भन्नु मिल्दैन । मुलुकलाई निकास दिन नसक्नु ओलीको बिरोध गरेका दलहरुको राजनीतिक हार हो । यसलाइ अरु केही नाम दिन सकिदैन ।

वर्तमान ओली नेतृत्वको सरकारको विकल्पमा सरकार गठन हुन काँग्रेस, माओवादी केन्द्र र जसपा को गठबन्धन बन्नै पर्छ । वैकल्पिक सरकारको लागि यी तिन दलको गठबन्धनको विकल्प छैन । यी दलहरुबिच वैकल्पिक सरकार गठन गर्ने विषयमा छलफल नै नभएको अवस्था होइन । तर, मुलुकले निकास पाउने गरि निशकर्षमा पुगेको अवस्था पनि पक्कै होइन ।

माओवादी केन्द्र शुरुदेखि नै वैकल्पिक सरकार गठन गर्ने प्रयासमा रहेको छ । यसका लागि माओवादी केन्द्रले सबै विकल्पमा छलफल गर्न र एउटा निश्कर्षमा पुग्न तयार रहेको छ । ढिलै भएपनि काँग्रेसले पनि आफ्नै नेतृत्वमा सरकार गठन गर्न अग्रसरता लिने केन्द्रीय समितिबाट निर्णय गरेको एक साताभन्दा बढी भैसक्यो । काँग्रेसले औपचारिक रुपमै माओवादी केन्द्र र जसपा सँग छलफल अगाडि बढाएको छ । वर्तमान अवस्थामा जसपा निर्णायक शक्तिको रुपमा रहेको छ । तर, निर्णायक जसपा कुनै एउटा निर्णयमा पुग्न सकेको छैन । अहिले जसपाकै निर्णयको पर्खाइमा मुलुकको राजनीतिको रफ्तारमा ब्रेक लागेको छ ।

पछिल्लो समयमा जसपाभित्र पनि मुख्यतया फरक फरक दुई धार देखिएको छ । महन्थ ठाकुर र राजेन्द्र महतोको एउटा धार रहेको छ भने उपेन्द्र यादव र बाबुराम भट्टराईको अर्को धार रहेको छ । ठाकुर र महतो ओलीकै नेतृत्वलाई निरन्तरता दिन खोजेको देखिन्छ भने यादव र भट्टराई जुनसुकै हालतमा ओलीको विकल्प खोज्नु पर्ने पक्षमा रहेको छ । जसपाभित्र पनि सके आफ्नै नेतृत्वमा सरकार बनाउन पहल गर्ने, नसके आफ्ना माग पूरा गर्न तयार हुने दलसँग सहकार्य गर्ने मत बढ्दै गएको छ ।

प्रधानमन्त्री ओलीले जसपाको माग सम्बोधन गर्ने प्रकृया पनि अगाडि बढाइसकेको छ । तर, अहिलेसम्म जसपाले औपचारिक निर्णय लिई नसकेको अवस्था नै हो । जसपा ओली र ओलीइतरका दलहरु दुवै पक्षसँग छलफलमै रहेको छ । आफ्नै आन्तरिक विवादका कारण जसपा अलमलमा रहेको छ । जसपाकै अलमलले मुलुकले निकास पाउन सकेको छैन र मुलुकको राजनीति पनि अलमलमै रहेको छ ।

राज्यले मधेशलाई सधैं उपेक्षामा पारेको निष्कर्षसहित मधेशकेन्द्रित राजनीतिमा सकृय भएको हो, महन्थ ठाकुर । तुलनात्मकरुपमा अरु नेताभन्दा बढी मधेशलाई उपेक्षा गर्ने गरेको आरोप ओलीलाई लाग्ने गरेको छ । ओलीले विभिन्न समयमा मधेश र मधेश आन्दोलनप्रति दिएको अभिव्यक्ति र गरेका टिका टिप्पणी पनि आरोपकै नजिक रहेको छ । अहिले उनै महन्थ ठाकुरले सबैभन्दा बढी ओलीलाई नै विश्वास गरेको देखिन्छ । आफ्नै पार्टीको एक पक्ष प्रतिगामी देखेका ओलीप्रति ठाकुरको विश्वास बढ्नुको कारण प्रष्ट हुन भने बाँकी नै छ ।

मधेशको लागि तीनटै दल उस्तै हो । २०६४ को संविधानसभामा निर्णय गर्ने शक्तिका

वांकी अन्तिम पेजमा...




# महासंघ मोरंगद्धारा स्वास्थ्य सामग्री वितरण

विराटनगर । नेपाल पत्रकार महासंघ मोरङ शाखाले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा संचारकर्मी र मिडिया हाउसहरूलाई स्वास्थ्य सामाग्री वितरण गरेको छ ।

दोस्रो लहरको कोरोना भाइरस तिव्र रूपमा फैलिएकोले यसबाट जोगिन जिल्लाभारीका संचारकर्मी र मिडिया हाउसहरूमा पुगेर प्रेस स्तन्त्रता दिवसको अवसरमा सोमबार मोरङभरीका संचारकर्मी र मिडिया हाउसहरूमा पुगेर स्वास्थ्य सामाग्री वितरण गरेको थियो ।

महासंघले मिडिया हाउस र पत्रकारहरूलाई सेनिटाइजर, माक्स वितरण गरेको छ । पत्रकार महासंघ मोरङका पदाधिकारी र कार्यसमिति सदस्यहरू विराटनगर महानगर पालिका भित्र रहेका १८ वटा मिडिया हाउसमा पुगेर माक्स र सेनिटाइजर वितरण गरेको हो ।

संक्रमणको विस्तार तीब्र रहेकोले आफ्नो पेशागत धर्म निर्वाहका क्रममा संवेदनशील भई पूर्वसतर्कता र सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपाय तथा मापदण्डहरु अवलम्बन गरि संचारकर्मीहरुको लागि सुरक्षित भएर काम गर्ने वातावरण निर्माण गर्न पनि सबै सञ्चारगृहहरुलाई पत्रकार महासंघले आग्रह गरेको नेपाल पत्रकार महासंघ मोरङ शाखाका अध्यक्ष संजिव खनालले वताए ।

# पौडी खेल्दा डुबेर एकको मृत्यु

झापा । झापा शिवसताक्षी नगरपालिका ८ डुडामारी का २८ बर्षीय जिवन थाम्सुहाङ पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको छ ।

सोमबार शिवसताक्षी नगरपालिका १० स्थित माईखोलामा उनि साथीहरूसंग पौडी खेल्ने क्रममा माईखोलाको बाधबाट बगी बेपत्ता भएका थिए ।

थाम्सुहाङ बेपत्ता भएको खबर प्राप्त हुन साथ ईलाका प्रहरी कार्यालय झिलझिले र अस्थाई प्रहरी पोष्ट माईधारबाट प्रहरी टोली खटि गई खोजतलास गर्दा बगेको ठाँउबाट अन्दाजी ५०० मिटर दक्षिण मृत अबस्थामा फेला परेको ईलाका प्रहरी कार्यालय झिलझिलेले जनाएको छ ।

घटना सम्बन्धमा थप अनुसन्धान भई रहेको सो कार्यालयले जनाएको छ ।

# लडेर एकजना महिलाको मृत्यु

ईलाम । ईलाम माइ-जोगमाई गाऊपालिका ५ सोयाङ की ५४ बर्षीय ख्याम कुमारी लिम्बुको लडेर मृत्यु भएको छ ।

सोमबार छिमेकीको घर जाने क्रममा बाटोमा चिप्लिएर अन्दाजी २० मिटर तल झरी टाउकोमा चोट लागी गम्भिर घाइते भएकी लिम्बुको उपचारको लागी जिल्ला अस्पताल इलाम पुर्याउन साथ मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ईलामले जनाएको छ ।

**विराटनगर महानगरपालिकाको अपिल**

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

**कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना**

*१. कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १